देवदहनगरपालिका
नगर कार्यपालिकाको कार्यालय
केरवानी, रुपन्देही
५ नं.प्रदेश, नेपाल

फोन नं. ०७१-५७७३०३
०७१-५७७२९२
०७१-५७७४०३

शशीधर घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

## हाट बजार बैठकी कर सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सुचना

**प्रथम किस्ता सुचना प्रकाशित मिति-२०७६/०३/१३**

यस देवदह नगरपालिका, केरवानी, रुपन्देही क्षेत्र भित्र लाग्ने तपशिलका हाटबजारहरुको आर्थिक वर्ष ०७६/०७७ का लागि तपशिल बमोजिमको शर्त र अधिनमा रही हाटवजार बैठकी कर अशुल उपर गर्न ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले १५(पन्ध्र) दिने शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

१.दरभाउ फारमको न्युनतम बोल रकम निम्नानुसार रहनेछ :

क. शुक्रबारे हाटवजार, खैरेनी रु.७,९०,०००/-
ख. सोमबारे हाटवजार, शितलनगर रु.३,९०,०००/-
ग. मंगलबारे हाटवजार, भलुही रु.४०,०००/-
घ. मंगलबारे हाटवजार, विर्ता रु.२,२२,२००/-
ङ. आईतबारे हाटवजार, पेटवनीया रु.१६,०००/-
च. बुधबारे हाटवजार, टटेरा रु.७८,०००/-
छ. शनिबारे हाटवजार,सदोनिया रु. ४,८०,०००/-
ज. खैरेनी हाटबजार संगै रहेको सटर (प्रती सटर ) रु ६०००/- प्रतीमहीना

२.दरभाउपत्र फारम रु ३००/- (पछि फिर्ता नहुने गरी) नगरपालिका कार्यालयबाट खरिद गर्नु पर्नेछ ।

३. प्रत्येक हाट वजारका लागी छुट्टाछुट्टै दरभाउ फारम भर्नु पर्नेछ ।

४.दरभाउपत्र फारम पेश गर्दा कवोल अंकको ५ प्रतिशत धरौटी रकम यस कार्यालयको एन आई सि एसिया बैक लिमिटेड खैरेनीमा रहेको धरौटी खाता नं.- 15CA051276652401 मा जम्मा गरेको भौचर संलग्न हुनुपर्नेछ ।

५. दरभाउपत्र स्विकृत भएको मितिले ७ दिन भित्रमा सम्झौता गरि ईजाजतपत्र ( पट्टा ) उठाईसक्नु पर्नेछ ।

६. सम्झौता गर्दा दरभाउपत्र स्विकृत भएको दरभाउदाताले देवदह नगरपालिकाको नाममा कबोल रकम बराबरको बैंक ग्यारेण्टी पेश गर्नुपर्नेछ वा एन आई सि एसिया वैक लिमिटेड खैरेनीमा रहेको खाता नं.- 1541499174524001 मा एकमुष्ट जम्मा गरेको भौचर संलग्न हुनुपर्नेछ ।

७. दरभाउपत्र फारममा कार्यलय प्रमुखको सही तथा कार्यालयको छाप नभएको मान्यता हुनेछैन ।

८.दरभाउपत्र फारम मिति २०७६/०३/२८ गते दिनको १२:०० बजे सम्म दर्ता गराई सक्नु पर्नेछ । सोही दिनको १ :०० बजे दरभाउ पत्र दाता वा निजको प्रतिनिधीको रोहवरमा वा उपस्थित भएका अन्य व्यक्तिहरुको रोहवरमा दरभाउपत्र खोलीने छ ।

९. रित नपुगी आएको दरभाउपत्रलाई मान्यता दिईने छैन ।

१०. हाट वजार बैठकी कर नगरपालिकाको दररेट अनुसार हुनेछ ।

११. दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित रहने छ ।

१२. बक्यौता रकम भएका बोलपत्र दाताहरुले बक्यौता वा दरभाउपत्र हाल्न पाउने छैनन् ।

१३. बजार व्यवस्थापनका लागि साधारण मर्मत सम्भार सम्वधि कार्य दरभाउपत्रदाता स्वयंले गर्नुपर्नेछ ।

१४. कुनै प्रकारको बहानामा मिनाहा दावी गर्न पाईने छैन ।

१५.दरभाउपत्र फारमका साथ नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी अनिवार्य हुनुपर्नेछ ।

१६. अन्य थप जानकारीको लागि देवदह नगरपालिका,नगर कार्यपालिकाको कार्यालय, केरवानी, देवदहमा सम्पर्क राख्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**